Government of Nepal
Ministry of Culture, Tourism & Civil Aviation
**Nepal Copyright Registrar's Office**

जि. प्र. का. द. नं.: ०४७/०६३/६४

# प्रतिलिपि अधिकार बुलेटिन

सूचना तथा सचेतनाका लागि

## Copyright Bulletin

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको चौमासिक प्रकाशन

असार १७, २०६४ | Volume 1, Issue 3 | July 1, 2007

## Inside this issue

Report on the Publication of Songs/Music 2

The Establishment of CMO: Some Reflections (Article) 3

**रोयल्टी संकलन संस्थाको स्थापना (लेख)** 4

**प्रश्नोत्तर स्तम्भ** 5

Development of Performers' Collective Bargaining in US 6

Q - A Column 6

WIPO Willing to Help Nepal: 7

Regional Seminars Held: 7

Registration of Creations: 8

Chief Editor:

Mr. Ram Prasad Bhattarai

Editorial Team:

Mr. Kiran Shakya

Mr. Shiva Prasad Khanal

Computer & Design:

Mr. D. Kachhipati

Mr. Ratnakaji Maharjan

www.nepalcopyright.gov.np

यदि तपाईंसंग बौद्धिक सम्पत्ति, प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकारका विषयमा कुनै कानूनी वा अन्य जिज्ञासा भएमा आफूलाई लागेका प्रश्नहरु हामीलाई लेखी पठाउनुहोला । यस बुलेटिनका आगामी अङ्कहरुमा तपाईंका प्रश्नहरुको उत्तर दिने प्रयास गर्नेछौं ।

धन्यवाद ॥

# Establishment of Royalty Collection Society

The first ever royalty collection society in Nepal, "Music Royalty Collection Society Nepal (MRCSN)" has been established in the musical sector on June 8, 2007 as per the decision of Nepal Copyright Registrar's Office. The Society has been established after the approval of the application submitted by the Adhoc Committee of MRCSN led by the senior lyricist Mr. Ratna Shamsher Thapa.

The Society has, at present, incorporated the lyrists and the music composers as its members. It has aimed to collect the royalty from the users in the secondary use of the musical creations on the behalf of its members. The Society will later distribute the royalty amount to the concerned creators as per their share. Earlier the report submitted by the study committee formed under the renowned lyricist Mr. Kali Prasad Rijal had suggested the possibility of royalty collection society in the musical field.

The registration certificate of MRCSN was distributed to the Society by the Senior Writer Mr. Pradeep Kumar Gyawali amidst a function. The function was also addressed by Dr. Bhoj Raj Ghimire, lyricist, Mr. Madhav Prasad Ghimire,


Dr. Ghimire addressing the function

Secretary Ministry of Culture,Tourism & Civil Aviation(MoCTCA), Mr. Shree Purush Dhakal, Member Secretary MRCSN and Mr. Ram Prasad Bhattarai, Registrar, Nepal Copyright Registrar's Office (NCRO). The speakers have highlighted the importance of MRCSN in providing the benefits of the musical creations to the concerned creators. The Government of Nepal has provided an amount of Rs. 300,000.00 in the fiscal year 063/64 as the initial administrative support to the Society.

# Copyright Training for the District Court Judges


Participants attending the training

Nepal Copyright Registrar's Office in co-operation with Enhancing Nepal's Trade Related Capacity Project, UNDP organized a two days residential training to the district court judges on "Copyright and Related Rights" at Dhulikhel, Kavre on March 29-30, 2007. Twenty-five district court judges from various districts had participated the training program. Inaugurating the training, the Minister for Culture, Tourism and Civil Aviation Mr. Pradeep Kumar Gyawali expressed his view that any country in the today's world can develop only with the proper use of knowledge, information and intellectual property. He also said that with the advent of new digital technologies, the rate of piracies of intellectual property including copyright and related right is growing tremendously and the training like this would help to enhance the legal authorities in combating with the infringements.

Addressing the program Mr. Madhav Pd. Ghimire, the Secretary, MoCTCA said that the knowledge based economy and activities are the need of the 21st century and in these aspects if we can control the piracy of copyrighted materials and promote the development of various creations, we can secure a bright future for the coming generations.

Altogether six different papers related to copyright and related rights were presented in the two days program by various renowned experts in this field. To impart the knowledge about the main provisions of the Copyright Act, 2002 and Copyright Rules, 2004 to the judges and make them aware of the recent trends including the international treaties and conventions in the field of copyright and related rights were the main objectives of the training.


Group photo with participants

# सम्पादकीय



राम प्रसाद भट्टराई
रजिष्ट्रार

## स्रष्टा प्रोत्साहित हुने अवसर

सिर्जनाले परिवार, समुदाय हुँदै राष्ट्रलाई अगाडि लैजाने र विज्ञान प्रविधि, कला, साहित्य एवं संस्कृति लगायतका बौद्धिक सिर्जनाका माध्यमबाट विश्व सञ्चालन हुने गरेको वस्तु तथ्य छर्लङ्ग छ । तर विश्व हाँक्ने सिर्जनाले सही व्यवस्थापनको अभावमा संरक्षण प्राप्त गर्न नसक्ने र सिर्जनाको अव्यवस्थित एवं अवैध प्रयोगले स्रष्टा लाभ विहीन हुने मात्र होइन कि अरूले नै खेती खाइदिने अवस्थाले जरो समेत गाडेको छ । यस्ता विसंगतिपूर्ण अवस्था र कृयाकलापलाई नियन्त्रण गर्दै सिर्जनाको व्यवस्थित प्रयोग गर्नुका साथै बौद्धिक सिर्जनाको व्यावसायिक प्रयोग हुँदा सो वापत स्रष्टालाई पनि लाभ पुऱ्याउनु पर्छ भन्ने दृष्टिले प्रतिलिपि अधिकारको रूपमा संरक्षणका प्रयास थालनी भए भने प्रतिलिपि अधिकार अन्तरगत नै विभिन्न विधाका सिर्जनाको व्यवस्थित प्रयोग र स्रष्टालाई लाभ दिलाउन रोयल्टी संकलन संस्थाहरू स्थापना गर्ने प्रयास शुरु भए । यस्ता संस्थाहरू खासगरी ठूलो रकममा व्यावसायिक प्रयोग हुने गीत संगीत, पुस्तक फोटोकपि जस्ता विधामा स्थापना भएका पाइन्छन् ।

आज नेपालमा पनि सिर्जनाको व्यावसायिक प्रयोग हुने बजार विकसित भएका छन् । खासगरी सांगीतिक सिर्जनाले नेपाली बजार ओगटेको छ भने प्रसारण माध्यमहरू सिर्जनाको व्यापक प्रयोगमार्फत आम समुदायलाई मनोरञ्जन प्रदान गर्न सक्षम भएका छन् । यिनै सांगीतिक सिर्जनाको प्रयोग गर्दा प्रसारण संस्थाहरू पनि विज्ञापन प्राप्त गरी लाभान्वित हुन सकेको पाइन्छ ।

सिर्जनाको व्यावसायिक प्रयोगबाट लाभ प्राप्त हुने अवस्थाले स्वाभाविक रूपमा सिर्जनाकारले पनि रोयल्टी प्राप्त गर्नुपर्छ भन्ने मान्यता स्थापित हुन्छ । त्यही मान्यता अनुरूप प्रतिलिपि अधिकार ऐन, २०५९ तथा नियम, २०६१ का प्रावधान अन्तर्गत नेपालमा प्रथम पटक २०६४।२।२५ गतेका दिन गीत-संगीत विधामा “संगीत रोयल्टी संकलन समाज नेपाल”को विधिवत स्थापना भएको छ । विधान अनुसार यस समाजले गीतकार र संगीतकारलाई समेटेको छ । यसले गीतकार एवं संगीतकारहरूबाट उनीहरूका सिर्जनाको सार्वजनिक एवं व्यापारिक प्रयोगका लागि अनुमति प्राप्त गर्दछ र त्यसका आधारमा सिर्जनाको सार्वजनिक एवं व्यावसायिक प्रयोग हुँदा प्रसारण संस्था (टी.भी., रेडियो), ठूला व्यापारिक केन्द्र, होटल, रेष्टुराँ, सार्वजनिक यातायात लगायतका ठाउँबाट रोयल्टी प्राप्त गर्दछ र संकलित रोयल्टी निश्चित मापदण्डका आधारमा स्रष्टा समक्ष वितरण गर्दछ ।

नेपालमा पहिलो अभ्यासको रूपमा थालिएको यो प्रयासले स्रष्टालाई सम्मान प्रदान गर्नुका अतिरिक्त आर्थिक लाभ समेत प्राप्त गर्ने सम्भावनालाई दरिलो बनाएको छ । यसबाट आफ्ना सिर्जनाले थुप्रै आम्दानी गर्दा समेत टुलुटुलु हेरेर बस्नु पर्ने अवस्थाबाट स्रष्टा धनी बन्ने वातावरण बन्न थालेको छ । तर यस निम्ति स्रष्टाको सक्रियता आवश्यक मात्रामा भएन भने संस्था खोलिनुले मात्रै उपलब्धि हात लाग्न सक्दैन भन्ने वास्तविकतालाई बिर्सिनु हुँदैन ।

त्यसो त रोयल्टी संकलन जस्तो जटिल कार्यका लागि निकै मेहनत साथ काम गर्नै पर्दछ । अरूका सिर्जनाको नक्कली उत्पादन गरेर फाइदा लिने र अरूका सिर्जनाको प्रयोग सित्तै गर्ने बानी परिसकेको हाम्रो संस्कारमा परिवर्तन गरी रोयल्टी प्रदान गर्नु पर्छ भन्ने धारणा विकसित गराउनु तथा रोयल्टी संकलन गर्नु स्वाभाविक रूपमा अत्यन्त चुनौतीपूर्ण कार्यहरू हुन् । यसका लागि स्रष्टा एवं प्रयोगकर्तामा इमान्दारिताको अत्यन्तै खाँचो पर्दछ भने विषयको महत्व बुझाउन, सम्झौताद्वारा व्यवस्थित प्रयोग गराउन र रोयल्टी निर्धारण तथा संकलन गर्न त्यत्तिकै दक्षतायुक्त ज्ञानको खाँचो पर्दछ । नेपालकै लागि नौलो प्रयोग भएको यो प्रयास सफल हुनै पर्दछ र यस निम्ति प्रत्येक सांगीतिक सिर्जनाको प्रयोगमा लिखित सम्झौताका प्रकृयाहरू पूरा हुनु जरुरी हुन्छ । सिर्जनालाई सम्पत्ति मान्ने र सिर्जनाकै आधारमा प्रतिष्ठा तथा धन आर्जन हुने युगबाट लाभान्वित हुन नेपाली सांगीतिक स्रष्टाहरू इमान्दारिताका साथ तम्तयार हुन र स्तरीय एवं मौलिक सिर्जनालाई बजारमा ल्याउन उत्तिकै जरुरी भएको छ । अरूका सिर्जनामा लिपपोत र सिंगार पटार गरेर बजारमा ल्याउने प्रवृत्तिलाई निरुत्साहित गर्न र स्तरीय सिर्जनाका माध्यमबाट प्रतिस्पर्धामा खरो उत्रिन स्रष्टाहरू सतर्क हुनुपर्ने समयको माग भएको छ ।

# News and Events:

### Discussion on Copyright in Ring Tones

Nepal Copyright Registrar's Office held a discussion program with the mobile phone service providers on April 8, 2007 regarding the use of songs and music as ring-tones in mobile phones. The representatives from Nepal Telecom, United Telecom and Mero Mobile were present in the discussion. The need to acquire the consent from the concerned copyright owners through the written agreement before using any song or music in the mobile phone was the main focus of the discussion.

### The World Book and Copyright Day Celebrated

Nepal Copyright Registrar's Office has organized a one-day discussion program on April 23, 2007 at NTB Hall, Bhrikutimadap to mark the celebration of the World Book and Copyright Day. Six different papers highlighting the relationship between the books and copyright and their importance were presented during the program. About 50 participants representing the writers, publishers, photocopy service providers; copyrighted materials users, libraries and readers have actively participated in the discussion. UNESCO had decided to celebrate the World Book and Copyright Day since 1995 in memory of the anniversary of the birth and death of various renowned writers.

### Interaction Program on WIPO Broadcasting Treaty

Nepal Copyright Registrar's Office has organized a one day interaction program with the representatives of various broadcasting organizations in regard to the Draft Non-Paper on WIPO Treaty on the Protection of the Broadcasting Organization on May 4, 2007. Various provisions in the proposed treaty were discussed and the participants were requested to provide the written comments on the provisions if any.

### Celebration of the World Intellectual Property Day

A one day workshop on the use of musical creations was held in support of Kathmandu School of Law (KSL) on April 26, 2007 to mark the $26^{th}$ World Intellectual Property Day. Various papers were presented highlighting the proper use and protection of musical creations. The theme of this year's World Intellectual Property Day is "Encouraging Creativity".

### Discussion Program at Radio Nepal

A one day interactive discussion program was jointly organized by NCRO and Radio Nepal at the latter's seminar hall on May 24, 2007. Media persons from various broadcasting organizations and staffs of Radio Nepal were present in the program. Participating in the discussion, Mr. Ram Prasad Bhattaria, Registrar, NCRO expressed that the violation of copyright in the musical production of Radio Nepal has been a serious problem in the Nepalese music market. He further added that Radio Nepal should take a strong initiation in protecting its intellectual property and get benefits from their proper exploitation. Other related matters on copyright and related rights were also discussed on the occasion.



Participants at discussion in the program

### Report on the Publication of Songs/Music in Kathmandu

A final report on the study of musical publications in Kathmandu Valley has been submitted to NCRO on June 14, 2007. The report has depicted the situation of musical publications in the capital and has also analyzed the trends of their sales in the market for the last 5 years.



The study has shown that the publication of folksong album is higher in the Nepalese market

Contd. on Page 7

Article

# The Establishment of CMO: Some Reflections

Pustun Pradhan
CEDA, TU

Right enforcement constitutes the most important dimension of copyright regime next to the enactment of national copyright laws, for it gives real meaning and substance to the rights created for the authors to protect their literary and artistic works. Right enforcement, however, is in itself the most complex and challenging task for the right owners given the nature and use of their protected works. Technological developments have further compounded the problem, making it much easier to reproduce and utilize the protected works in a variety of ways. Not until the system of collective administration of rights came into existence was it possible for the right owners in most cases to fully control and exploit the use of their works. For the composers and text-writers of musical works, particularly in relation to performing rights of non-dramatico musical works, development of collective management system marks a major breakthrough as it enabled them to fully exercise this right which otherwise would not have been possible.

By definition, the term "collective management of copyright' denotes a system under which right-owners entrust collective management organization authority to administer their rights. Hence, the fundamental objective of collective management organization is the administration of rights delegated to it by right-owners with authority to: (i) monitor the use of their works; (ii) negotiate the conditions with the prospective users for the utilization of their works; (iii) give them license (authorization) against appropriate fees; and (iv) collect such fees and distribute them among the right owners. It enjoys the same privilege as any ordinary copyright owner, and is therefore subject to the same treatment and granted the same relief by the court.

The establishment of the Music Royalty Collection Society Nepal (MRCSN) marks a historic moment in the development of copyright in Nepal. For a least developed country like Nepal that has just made its beginning in the establishment of copyright regime, the setting up of collecting society is indeed an arduous task. Considered to be one of the most arcane areas of law, copyright made its first appearance in Nepalese law in 1965. Till the enactment of new legislation in 2002, copyright could not make its presence visible in Nepalese culture for various reasons. Given this fact it is unsurprising to see that difficulties and problems facing the founding of collective management organization (CMO) in Nepal have not so much to do with the eagerness and initiatives on the part of the right-owners as with the lack of knowledge on the subject matter itself. Most of the right-owners were not aware of what collecting society is all about. This was apparent during the initial round of discussion and deliberation among the different stakeholders of copyright on the formation of CMO. To help further the pace of momentum towards the establishment of the CMO, the Office of the Copyright Registrar simultaneously organized a series of seminars and workshops for the right-owners of various categories of works on the theme of collecting society.

It took many rounds of discussion and deliberation among the concerned right-owners before MRCSN came into existence in May 2007 as the first CMO to be established in Nepal. One of the key issues at the discussion was how collective management society should be organized: whether it should be organized into a single general body representing all categories of works or a different organization for each genre of works. Despite the fact that the 2002 Copyright Act of Nepal has provided for the establishment of one collecting organization for each genre of works, most participants in the discussion stressed on the need for the establishment of a single general body responsible for administering the rights in all the different categories of works. Those who argued for single general body maintained that given the little knowledge and managerial expertise and the expenses that involve for the operation of separate organizations to administer the rights in each different category of works, a single general body administering rights in both musical and non-musical works would be more viable and suitable to begin with. The other argued that for practical and technical reasons it would be too complex and difficult for a single general body to administer the rights in different categories of works. They further made the point that the successful application of the collective management system in one category of works makes it much easier for its replication, or extension to, in other categories of works.

The basic question that was overlooked during the discussion was the fact that where individual enforcement of rights is possible, the need for collecting organization does not arise. It is only in the situation where this individual enforcement of exclusive rights is not possible due to widespread uses of works for variety of purposes, does it become essential to administer these rights through the mechanism of collecting organization. The exclusive rights granted to the authors attach little significance if those rights in reality are virtually impossible for an individual author to exercise. This in fact was the case with certain rights, particularly the right of public performance of non-dramatico musical works, usually known as performing rights. While this legal recognition of performing right gave ample scope to the music writers and composers for the economic exploitation of their works, the inherent practical difficulties involved in its enforcement by individual way reduced the economic significance of this right to a mere figurehead. As a rule, copyright experts take the view that administration of exclusive rights by collecting organization should be applied only to those fields where it is indispensable. However, its application should not be extended to such fields where its advantages are not significant and where right-owners can individually enforce their rights.

CMOs are non-profit, private organizations that are basically funded from the resources of their own members by way of retaining certain percentage from the collected royalties to meet their administrative costs. The percentage of amount thus retained by the collective organization to cover its administrative expenses varies across the countries, from as low as 10 percent to as high as 30 percent of the collected royalties, depending upon the size of the market, efficiency in the management, and the state of copyright compliance. In India such expenses should not exceed 15 percent of the collection (Copyright Rules, 1958 as amended in 2000). As a rule, the administrative costs of the CMOs must be as low as possible if the right-owners are to realize the full advantage from their operation. In its articles of association the newly established MRCSN prescribes the retention of certain amount not exceeding 25 percent of the collected royalties to bear the administrative costs of the organization (Article33). This seems quite reasonable by the prevailing international standard. However, nowhere in the articles of association does it contain definite time schedule for the distribution of royalties. It is thus unclear whether distribution will take place once in a year or once in two years. This has been left entirely to the discretion of the executive committee (Article 34).

Laws regulating the establishment and function of collective management organization are enshrined in Article 39 of the 2002 Copyright Act and Articles 5(c) through 12 of the Copyright Rules, 2004. Need for such regulation arises from the fact that CMOs assume a virtually de facto monopoly position, both in respect of right-owners and users as well. This is simply because it is a sole organization having the authority from the right-owners to administer their exclusive rights. While this monopoly position is deemed to be an essential condition for the efficient and satisfactory operation of the collective management organizations, there is also an imminent possibility in some instances where they may abuse this position. To check those possible abuses, necessary legal provisions guaranteeing the proper operation of collective management organizations are made in the national laws. One such provision relates to the establishment of collective management organization for which an approval by a competent authority designated by the law is required. The approval is subject to close examination of all those elements that are considered important for the establishment and proper functioning of the CMOs. Article 8 of the Copyright Rules, 2004 contains such provision that empowers the Registrar of Copyright to grant registration after due examination of the articles of association and other relevant documents. The other relates to the operation of the CMOs where a regular supervision by a competent authority of the certain key elements of the collective management system is prescribed for ensuring that they operate in an appropriate

Contd. on Page 6

लेख / रचना

# सांगीतिक रचनाको व्यवस्थापनमा नयाँ प्रयास, रोयल्टी संकलन संस्थाको स्थापना

हरेक राष्ट्रको कानूनले सिर्जनाकारहरूलाई उनीहरूका सिर्जनामा केही एकलौटी अधिकारहरू प्रदान गरेको हुन्छ जसको समुच्च रुपलाई नै प्रतिलिपि अधिकार भनिन्छ। यी अधिकारहरूलाई आर्थिक अधिकार र नैतिक अधिकार गरी दुई भागमा विभाजन गर्न सकिन्छ। आर्थिक अधिकारहरू सम्झौताद्वारा अरुलाई हस्तान्तरण गर्न सकिन्छ र यी अधिकारहरूले सिर्जनाकारहरूलाई आर्थिक लाभ प्राप्त गर्न पनि सघाउ पुऱ्याउँछन्। यी आर्थिक अधिकारहरू मध्ये सिर्जनाको सार्वजनिक सञ्चार एउटा महत्वपूर्ण अधिकार मानिन्छ।

सूचना प्रविधिको क्षेत्रमा भएको विकाससंगै विश्वव्यापीकरण र खुला सिमानाको अवधारणाले ल्याएको क्रान्तिले आज कुनै एक स्थानमा सिर्जना भएका साँगीतिक रचनाहरू संसारका सबै कुनामा सार्वजनिक प्रयोग हुने अवस्था सिर्जना भएको छ। यसले एकातिर साँगीतिक रचनाहरूबाट सिर्जनाकारहरूलाई राम्रो आर्थिक प्रतिफल प्राप्त हुन सक्ने वातावरणको निर्माण भएको छ भने अर्कोतिर प्रयोगका क्षेत्रहरू निकै जटिल समेत बन्न पुगेका छन्। सिर्जनाको सार्वजनिक प्रयोगका क्षेत्रमा विकसित हुँदै गएको यस किसिमको व्यापकता र जटिलतामा कुनै एक साँगीतिक सिर्जनाकारले आफ्ना सबै सिर्जनाहरूको सार्वजनिक प्रयोगकर्ताहरूसंग आफैले सम्पर्क राखी प्रयोगका सम्बन्धमा सम्झौता गरी रोयल्टी उठाउनु भनेको निकै कठिन र अव्यावहारिक कार्य हो। यसमा समय र लागत पनि बढी पर्न जान्छ। त्यस्तै गीत संगीतको सार्वजनिक र व्यावसायिक प्रयोग गर्ने विभिन्न प्रसारण संस्था र अन्य प्रयोगकर्ताहरूलाई पनि आफूले प्रयोग गर्ने सबै गीतहरूका सम्बन्धमा सम्बन्धित श्रष्टाहरूसंग सम्पर्क गरेर अधिकार प्राप्त गर्नु र सांगीतिक सिर्जनाका सबै भागिदार समक्ष रोयल्टी वितरण गर्नु भनेको प्राय असम्भव कार्य हो। साँगीतिक रचनाहरूको सार्वजनिक प्रयोगका सम्बन्धमा यस्ता जटिल समस्यालाई समाधान गर्दै गीत संगीतको व्यवस्थित रूपमा सार्वजनिक प्रयोग र सो वापत सम्बन्धित श्रष्टालाई रोयल्टीको सुनिश्चितता गर्न संसारका अन्य मुलुकमा झैं नेपालमा पनि प्रतिलिपि अधिकार ऐन २०५९ को दफा ३९ मा व्यवस्था भए अनुसार २०६४।२।२५ गतेका दिन संगीत विधामा "संगीत रोयल्टी संकलन समाज नेपाल" (Music Royalty Collection Society Nepal - MRCSN) को गठन भएको हो।

स्रष्टाहरूलाई प्राप्त हुने आर्थिक अधिकारहरूको व्यवस्थापन गर्ने क्रममा संसारका विभिन्न मुलुकमा गीत संगीतका क्यासेट, सी.डी., भि.सी.डी.हरू पुनरुत्पादन गर्ने र बिक्री वितरणलाई व्यवस्थित गर्ने उद्देश्य मात्र लिएर पनि एकथरी रोयल्टी संकलन समाज गठन हुने गरेका छन्। नेपालमा पहिलोपटक स्थापना भएको "संगीत रोयल्टी संकलन समाज नेपाल"ले प्रतिलिपि अधिकार अन्तरगत आर्थिक अधिकार भित्रको सार्वजनिक प्रयोगको अधिकारलाई व्यवस्थित गरी सम्बन्धित स्रष्टाहरूलाई लाभ प्रदान गर्ने मुख्य उद्देश्य लिएको छ। नेपालमा उत्पादित साँगीतिक सिर्जनाहरूको देश भित्र र देश बाहिर हुने सार्वजनिक प्रयोग वापत रोयल्टी संकलन गर्नु, र प्राप्त रोयल्टी सम्बन्धित स्रष्टाहरूलाई वितरण गर्न यस समाजले प्रमुख भूमिका निर्वाह गर्ने हुँदा नेपाली स्रष्टाका सिर्जनाले व्यावसायिक रूप लिन सक्ने र सिर्जनाको व्यवस्थित प्रयोगबाट स्वदेश बाहिरबाट समेत लाभ प्राप्त गर्ने वातावरण तयार हुन थालेको छ। यस उद्देश्य हासिल गर्न समाजले विभिन्न कार्यहरू गर्नुपर्ने हुन्छ। गीत संगीत सम्बन्धी प्रतिलिपि अधिकारको उचित व्यवस्थापन गरी स्रष्टाहरूलाई लाभ प्रदान गर्न संगीत रोयल्टी संकलन समाज नेपालले गर्नुपर्ने प्रमुख कार्यहरूलाई यस प्रकार उल्लेख गर्न सकिन्छ।

### (क) अभिलेख व्यवस्थापन (Documentation);

रोयल्टी संकलन समाजको प्रमुख कार्य सम्बन्धित सूचनाहरू संकलन गर्नु र त्यसलाई मितव्ययी र सुरक्षित रूपमा व्यवस्थापन गर्नु हो। संगीत रोयल्टी संकलन समाज नेपालले सर्वप्रथम सो समाजमा सदस्य भएका गीत संगीत विधाका स्रष्टाहरूको हितमा उनीहरूका साँगीतिक सिर्जनाहरूको सार्वजनिक प्रयोग सम्बन्धमा सम्बन्धित प्रयोगकर्ताहरूलाई अनुमति प्रदान गर्ने र सो वापत रोयल्टी संकलन गर्न सक्ने गरी सदस्य स्रष्टाहरूबाट लिखित सम्झौता मार्फत अधिकार प्राप्त गर्नुपर्दछ। यस सम्बन्धमा समाजले आफ्ना सदस्यहरूको व्यक्तिगत विवरण र उनीहरूका साँगीतिक रचनाहरूको सम्बन्धमा सम्पूर्ण विवरण सुरक्षित रूपमा राख्नुपर्दछ। यस्तै समाजलाई अधिकार प्राप्त गीतहरूका सम्बन्धमा सार्वजनिक प्रयोगकर्ताहरूको विवरण, उनीहरूसंग भएका सम्झौताका प्रतिहरू र आवश्यकतानुसार प्रयोगकर्ताहरूले दैनिक रूपमा सार्वजनिक प्रयोग गरेका गीत संगीतहरूको विवरण पनि संकलन गरी व्यवस्थित रूपमा अभिलेख राख्नु पर्दछ। साँगीतिक रचनाका सार्वजनिक प्रयोगकर्ताहरूमा टेलिभिजन प्रसारण संस्था, रेडियो र एफ एम प्रसारण संस्था, केबुल टेलिभिजन प्रसारण संस्था, होटेल तथा रेष्टुराँ, डान्स क्लब, सिनेमा तथा नाचघर, सार्वजनिक यातायातका सेवाप्रदायक, ठूला व्यापारिक केन्द्र आदि पर्दछन्।

### (ख) अनुमति (Licensing):

संगीत विधामा स्थापित रोयल्टी संकलन समाजको अर्को प्रमुख कार्य सम्बन्धित प्रयोगकर्ताहरूसंग स्रष्टाका तर्फबाट सम्झौता गरी आफूसंग सम्बन्धित गीत संगीतको सार्वजनिक प्रयोगका लागि अनुमति प्रदान गर्नु र सो बापत निश्चित रकम रोयल्टी संकलन गर्नु हो। अनुमति प्रदान गर्दा सबै गीत संगीतहरूको एकमुष्ठ रूपमा वा निश्चित प्रकारका गीतहरूका लागि छुट्टा छुट्टै रूपमा सम्झौता गर्न सकिन्छ। साथै कुनै निश्चित अवधिका लागि वा सधैंका लागि पनि Blanket License को रूपमा अनुमति प्रदान गर्न सकिन्छ। यसरी अनुमति प्रदान गर्नु पूर्व क्षेत्रगत रूपमा रोयल्टीका फरक फरक दररेट निर्धारण गर्नु उचित हुन्छ। प्रयोगका प्रकृति अनुसार केही प्रयोगकर्ताहरूसंग आवश्यक वार्ता (negotiate) गरेर पनि रोयल्टी रकम निर्धारण गर्नु पर्ने हुन्छ।

रोयल्टी दररेट निर्धारण सम्बन्धमा विश्वका थुप्रै मुलुकहरूमा प्रचलित र सबैभन्दा पुरानो सिद्धान्त "दश प्रतिशत सिद्धान्त" हो। यो सिद्धान्त अनुसार गीत संगीतका प्रयोगकर्ताहरूले गीत संगीतको सार्वजनिक प्रयोग गरे वापत प्राप्त हुने आम्दानीको १० प्रतिशत रकम रोयल्टी वापत रोयल्टी संकलन समाजलाई प्रदान गर्नु पर्नेछ। विषेश गरी प्रसारण संस्थाहरूबाट रोयल्टी प्राप्त गर्न यो विधि बढी उपयुक्त र व्यावहारिक देखिन्छ। उदाहरणको लागि यदि कुनै टेलिभिजन प्रसारण संस्थाले कुनै एउटा साँगीतिक कार्यक्रमबाट विज्ञापन स्वरुप रु २५००० प्राप्त गर्दछ र त्यस्ता साँगीतिक कार्यक्रमहरू दिनको ६ वटा सम्म प्रसारण गर्दछ भने सो संस्थालाई वर्षभरी प्रसारण हुने साँगीतिक कार्यक्रमहरूबाट विज्ञापन स्वरुप कूल रु ५,४७,५०,००० आर्जन हुने हुन्छ। यदि सो संस्थाले उक्त कार्यक्रममा प्रसारण गरेका सबै गीत संगीतहरूको अधिकार समाजसंग भएको खण्डमा समाजले वार्षिक रूपमा त्यस्तो टेलिभिजन संस्थाबाट कूल आम्दानी रकमको १० प्रतिशतले हुन आउने रु ५४,७५,००० रोयल्टी वापत प्राप्त गर्नेछ। यही विधि अपनाई कुनै नाचघरमा देखाइने साँगीतिक कार्यक्रममा पनि कुल टिकट बिक्री वापतको १० प्रतिशत रकम समाजले प्राप्त गर्न सक्दछ। तर प्रस्तुत गरिने सांगीतिक रचनाका रचयिताले सम्झौताद्वारा संकलन समाजलाई अधिकार दिएको हुनु अनिवार्य हुन्छ।

गीत संगीतको प्रयोग र आम्दानी बीच सोझो सम्बन्ध नहुने अवस्थामा भने यो सिद्धान्तको उपयोग गर्न गाह्रो हुन्छ। होटल तथा रेष्टुराँ, व्यापारिक केन्द्र र ठूला पसल, सार्वजनिक यातायातका साधन लगायत अन्य सार्वजनिक

प्रयोगका क्षेत्रमा यो सिद्धान्तबाट रोयल्टी संकलन गर्नु भन्दा निश्चित समयावधिका लागि एकमुष्ट रूपमा रोयल्टी रकम प्राप्त गर्नु उपयुक्त हुन्छ । यस्तै गीत संगीतको प्रत्यक्ष प्रयोग र रेकर्डेड रुपको प्रयोगका सम्बन्धमा फरक फरक रोयल्टी दररेट निर्धारण पनि गर्न सकिन्छ । सिनेमाघर र सार्वजनिक यातायातमा सीट क्षमता एवं प्रयोग गरिने गीतको स्तर अनुसार भिन्दा भिन्दै दरको पनि आवश्यकता हुन सक्दछ । समाजले कतिपय क्षेत्रमा प्रत्येक प्रयोगकर्ताहरूलाई छुट्टा छुट्टै रूपमा गीत संगीतको सार्वजनिक प्रयोगको सहमति प्रदान गर्नु पर्ने हुन्छ भने कतिपय अन्य क्षेत्रहरूमा ती प्रयोगकर्ताहरू आवद्ध रहेको कुनै छाता एशोसियसन वा संगठनहरूसंग पनि सम्झौता गरी अनुमति प्रदान गर्न सक्दछ ।

### (ग) रोयल्टी वितरण (Distribution):

